मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

बालिका र किशोरी बलात्कृत

उदयपुर, चैत १। ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलका नगरपालिका-५ घुम्ने लालीगुराँस टोल बस्ने ४५ वर्षीय गणेश खत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

खत्रीले ती बालिकालाई प्रलोभनमा पारी कुखुराको फर्ममा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता भक्तपुर १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मध्यपुर ठिमी

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २७ ◆ अङ्क : ११९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २ गते बुधबार (Wednesday, March 16. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

कोरिया पठाइदिन्छु भन्दै ठगी

काठमाडौं, चैत १। दक्षिण कोरिया पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-७ लाहुरेटोल चावहिल बस्ने राहदानी नम्बर एम८५५६२२७ बाहक दक्षिण कोरियन नागरिक ७३ वर्षीय रे सी जङलाई काठमाडौं महानगरपालिका-३ महांकालबाट प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका-७ चावहिलस्थित ओके कन्सल्टेन्सीको सञ्चालक हुँ भनी वेल्डिङ ट्रेनिङ गराई दक्षिण कोरियामा रोजगारमा पठाइदिन्छु भनी पीडितबाट रकम लिएर नपठाई रकम ठगी गरेको भन्ने प्राप्त जाहेरीको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनीलाई ठगी सम्बन्धी कसूरमा आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी वृत्त गौशाला काठमाडौं पठाइएको छ ।

ब्राउनसुगरसहित युवक पक्राउ

झापा, चैत्र १। झापाको मेचीनगर नगरपालिका-६बाट प्रतिवन्धित लागूऔषध ब्राउन सुगरसहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाखिवास नगरपालिका-३ धनकुटाका ३३ वर्षीय बिनोद घिमिरे रहेका छन् । इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले मेची पुल छेउमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका घिमिरेलाई शंका लागी चेकजाँच गर्दा निजको साथबाट २३ ग्राम ब्राउनसुगर बरामद गरेको हो ।

प्रतिवन्धित लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेका घिमिरेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भइरहेको छ ।

उता काठमाडौं महानगरपालिका-१३ टंकेश्वरस्थित सडकबाट ९ सय थान नियन्त्रित लागूऔषध नाइट्राभेटसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सोही महानगरपालिका-१२ टेकू बस्ने धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-४ घर भएका २० वर्षीय अनिश थापा मगर र भारत उत्तर प्रदेश महाराजगञ्ज वरमाभोजका १९ वर्षीय अजय गौतम रहेका छन् ।

क्रिप्टोको अवैध कारोबार

नौ करोड ७४ लाख हिनामिना, दुई जनाबिरुद्ध मुद्दा

झापा, चैत १। मुलुकको डुकुटीमा अमेरिकी डलरको हिस्सा क्रमशः घट्दा त्यसको प्रभाव समग्र अर्थतन्त्रमा बढ्दै गएको छ ।

वैदेशिक मुद्रा सञ्चिति घट्दो क्रममा रहेको बेला विदेशी विनिमयको गैरकानूनी रुपमा प्रयोग गरेको अभियोगमा राजश्व अनुसन्धान विभागले दुई जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

विभागले रतुवामाई नगरपालिका-७ मोरङका पुष्कर श्रेष्ठ र विनिता लिम्बूविरुद्ध 'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार काठमाडौं जिल्ला अदालतमा सोमबार मुद्दा दायर गरेको मंगलवार जारी विज्ञप्तिमा उल्लेख छ ।

उनीहरुले नेपालमा प्रतिबन्धित वानएक्सवेट, विनाश, एड्भी क्यास, क्वाइनवेस र प्याक्फुल जस्ता माध्यमको प्रयोग गरी सामूहिक मिलेमतोमा अमेरिकी डलरको गैरकानूनी कारोबार गरेको पाइएको छ । विभागका अनुसार आरोपितले विभिन्न एप तथा गैरकानूनी माध्यममार्फत रकम राख्ने वा पठाउने गरेको पाइएको छ ।

उनीहरुले अमेरिकी डलरको सटही तथा क्रिप्टोमा लगानीकर्ताको रुपमा रहेको अनुसन्धानबाट खुलेको छ । आरोपी श्रेष्ठले मेगा बैंकबाट रु. ८६ लाख ८३ हजार ४२९, सिटिजन बैंकबाट रु. दुई करोड ५१ लाख ७६ हजार ९९, एनआइसीएशिया बैंकबाट रु. एक करोड ८२ लाख ४९ हजार ८८९ र राष्ट्रिय वाणिज्य बैंकबाट रु. दुई करोड ३६ लाख ६२ हजार ५३९ गरी कूल रु. सात करोड ५७ लाख ७१ हजार ९५८ बराबरको रकम हिनामिना गरेको पाइएको छ ।

यस्तै, आरोपी लिम्बूले एनआइसी एशिया बैंकबाट रु. दुई करोड १६ लाख ९८ हजार २४ बराबरको रकम हिनामिना गरेको देखिन्छ । बिभागले कूल रु. नौ करोड ७४ लाख ६९ हजार ९८३ बराबरको विदेशी विनिमयको अपचलन गरेको अध्ययनमा पत्ता लगाएको छ ।

विभागले आरोपीलाई बिगो जफत गरी सजाय र तीन वर्षसम्मको कैद सजायको मागदावी गर्दै मुद्दा दायर गरेको छ ।

नेपाल राष्ट्र बैंकले २०७४ साउन २९, २०७५ चैत २६ र २०७८ भदौ २४ गते अवैध रुपमा विदेशी विनिमयको अवैध कारोबार नगर्न निर्देशन दिएको छ । यस्तै, नेपालमा गैरकानूनी रहेको क्रिप्टोकरेन्सीको कारोबार नगर्न समेत पटक-पटक केन्द्रीय बैंकले निर्देशन दिएको छ ।

९० लाखको चिठ्ठाको लोभमा २९ लाख गुम्यो

काठमाडौं, चैत १। चिट्ठा परेको लोभमा फस्दा एक व्यक्तिको रु. २९ लाख रकम गुमेको छ ।

ह्वाट्सएप प्रयोगकर्ता जोन लरेन्स नामका व्यक्तिले सामाजिक सञ्जालको माध्यमबाट पीडितलाई रु. ९० लाखको चिट्ठा परेको छ, सुनको सिक्री र दुई लाख पाउण्ड भएको सुटकेस पार्सल पठाएको भन्ने सूचनाका आधारमा लोभिँदा यसरी रु. २९ लाख गुमाउनुपरेको हो ।

उक्त सूचनाको प्रमाण खोज्नेतिर नलागी अरुले भनेको कुरालाई विश्वास गर्दा धेरै मानिस ठगीमा पर्ने गरेका छन् । यो पनि त्यसैको एउटा निरन्तरता हो । विदेशीको नामको ह्वाट्सएपमार्फत चिट्ठाको सूचना आएलगत्तै पुनः नेपालबाटै प्रताप राना सिंह नामका व्यक्तिले पीडितलाई ह्वाट्सएपमार्फत फोन गरी पार्सल र चिट्ठा परेको रकम पाउनका लागि कर तिर्नुनपर्ने भनी भ्रामक सूचना दिए ।

पीडितले भने रु. ९० लाख पाउने लोभमा विभिन्न व्यक्तिको नामको बैंक खाताबाट रु. २९ लाख जम्मा गरेपछि ठगीमा परेको पत्ता लागेको प्रहरीले जनाएको छ । यसरी ठगी कार्यमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर गाउँपालिका-४ घर भई हाल भक्तपुरको थिमी बस्ने वर्ष ३८का गम्दीप गौतम रहेको खुल्न

(बाँकी अन्तिम पृष्ठमा)

मादी बस दुर्घटना

मृतकका परिवारलाई एक लाख

खाँदबारी, चैत १। सङ्खुवासभाको मादी नगरपालिकाले बस दुर्घटनामा मृत्यु भएका १५ जनाको परिवारलाई जनही रु. एक लाख दिने भएको छ ।

गत बिहीबार मादी नगरपालिका-६, सातघुम्तीमा बस दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको थियो । सोमबार बसेको मादी नगरकार्यपालिकाको बैठकले मृतकका परिवारलाई जनही रु. एक लाख दिने निर्णय गरेको नगरप्रमुख विदुरकुमार लिङ्थेप सुब्बाले जानकारी दिए ।

यस्तै बैठकले घाइतेलाई उपचार खर्चबापत जनही रु. ५० हजार समेत दिइनेछ भने मृतक र घाइतेको सम्झनामा भूमेश्वर महादेवको स्मारकसमेत बनाउने निर्णय गरेको प्रमुख सुब्बाले बताए । सो स्मारकमा घाइते र मृतकको नाम लेखिने उनको भनाइ छ ।

मादीको ओखरबोटे बजारबाट झापाको दमकतर्फ जाँदै गरेको बस दुर्घटना हुँदा १४ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने एक जनाको उपचारका क्रममा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको थियो ।

बस दुर्घटनाका घाइते डम्बरबहादुर कार्की, करिष्मा तामाङ, तुलसा कटवाल, सुवास तामाङको उपचार बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भइरहेको छ । घाइते सबैको अवस्था खतरामुक्त रहेको प्रमुख सुब्बाले बताए ।

बृद्धाश्रमबाट महिला हराएपछि...

धनकुटा, चैत्र १। धनकुटाको धनकुटा नगरपालिका-९ मूलघाटस्थित तमोर नदीमा एक महिला मृत अवस्थामा फेला परेकी छन् ।

मृत फेला परेकी महिला धनकुटा नगरपालिका-९ स्थित विश्रान्ति बृद्धाश्रममा बस्दै आएकी ५६ वर्षीया देवी लामिछाने रहेकी छन् । लामिछाने फागुन २९ गते दिउँसो बृद्ध आश्रम देखि हराई बेपत्ता भएकीमा प्रहरी चौकी मूलघाटबाट खटिएको प्रहरी टोलीले खोज तलास गर्ने क्रममा मंगलवार विहान नदी किनारमा मृत अवस्थामा फेला पारेको हो । शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल धनकुटा पठाइएको र जिल्ला प्रहरी कार्यालय धनकुटाबाट अन्य थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

ढक-तराजुबाटै ठगिँदै

झापा, चैत १। मार्च १५ गते विश्व उपभोक्ता अधिकार दिवस मनाइएको छ ।

'सुरक्षित र समावेशी विद्युतीय कारोबार, उपभोक्ताको अधिकार' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ यो दिवस मनाइएको हो ।

सन् १९६२ मार्च १५का दिन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले प्रस्तुत गरेको सुरक्षा, सूचना, छनौट र सुनुवाइलाई उपभोक्ताका चार अधिकारका रूपमा घोषणा गरिएपछि यसैको सम्झनामा यो दिवस मनाइँदै आएको हो । त्यसपछि सन् १९८५मा संयुक्त राष्ट्रसंघको साधारणसभाबाट थप आठ अधिकारसहितको अनुबन्ध पारित भएको थियो ।

सोही आधारमा प्रत्येक राष्ट्रले उपभोक्ता सम्बन्धी कानून जारी गरेका

विश्व उपभोक्ता अधिकार दिवस

हुन् । हामीले बजारबाट खरिद गर्ने सामान जोख्ने ढक-तराजुले सही मापन गऱ्यो कि गरेन भनेर कहिल्यै पनि सोचेका हुँदैनौं । पसलेले तौलकै भरमा सामान किन्दा ठगिने गरेका प्रशस्तै उदाहरण हुँदाहुँदै पनि उपभोक्ताले ध्यान नदिँदा यो क्रम अझै बढेर गएको छ ।

दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर खरिद-बिक्री हुने भएपनि त्यसमा प्रयोग हुने ढक-तराजु भने नियमन बाहिर रहेको पाइएको छ । गुणस्तर तथा नापतौल विभागको निष्क्रियतालै बजारमा नवीकरण नभएका र नापतौल नै प्रमाणित नभएका ढक-तराजु मात्रै होइन, प्रतिबन्धित ढक-तराजुले पनि सामान तौलने गरिएको बजारमा देखिने गरे पनि सम्बन्धित निकायले चासो नदिँदा उपभोक्ता ठगिन बाध्य भएका हुन् ।

नेपालमा उपभोक्ता संरक्षण ऐन, २०५४को दफा ६ बमोजिम वस्तु वा सेवा खरिद वा उपभोग गर्ने प्रत्येक उपभोक्तालाई विभिन्न अधिकार प्रत्याभूति गरिएको भए पनि उपभोक्ता ती अधिकार प्रयोग गर्नबाट बञ्चित भएका छन् ।

हिमाली जिल्ला म्याग्दीमा दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर किनबेच हुने भए पनि त्यसको तौल लिन प्रयोग हुने अधिकांश ढक-तराजु पनि अवैध रूपमा प्रयोग भइरहेका छन् । गुणस्तर तथा नापतौल डिभिजन कार्यालयको निष्क्रियतालै बजारमा नवीकरण नभएका, नापतौल प्रमाणित नभएका र प्रतिबन्धित ढक-तराजुले सामान तौलने गरिएको पाइएको छ ।

यसबाट व्यापारी मोटाइ रहेका छन् भने उपभोक्ता दिनहुँ ठगिरहेका छन् । त्यसैगरी एउटै सामानको मूल्य पसलैपिच्छे फरक-फरक हुँदा एउटै सामानको तीन थरी मूल्य तिर्न उपभोक्ता बाध्य छन् । व्यवसायीले सामान तौलने प्रयोजनका लागि खरिद गरेका ढक-तराजु परीक्षणबिना प्रयोग गर्न बन्देज छ । तर, उपत्यकामा ५० प्रतिशतभन्दा बढी व्यवसायीले परीक्षण नगराएको गुणस्तर तथा नापतौल विभागले जनाएको छ । परीक्षण नगरिएका ढक-तराजुबाट उपभोक्ता ठगिने सम्भावना रहने उपभोक्ता मञ्च म्याग्दीले जनाएको छ ।

त्यस्तै उपभोग्य वस्तुमा हुने मिसावट र बजारमा हुने कालोबजारीले उपभोक्ता भने सधैं मारमा पर्ने गरेको सचेत उपभोक्ताको गुनासो छ । अर्थशास्त्र विषयका प्राध्यापक तथा म्याग्दी बहुमुखी

(बाँकी अन्तिम पृष्ठमा)

हार्दिक बधाई

यस बाह्रदशी गाउँपालिकाका योजना शाखा प्रमुख **तेजप्रसाद रेग्मी** नेपाल निजामती कर्मचारी सङ्गठनको सोमबार काठमाडौंमा सम्पन्न ११औं राष्ट्रिय अधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकाल सफल र रचनात्मक बन्न सकोस् भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिमाल सुवेदी सचिव

अमृत पाठक अध्यक्ष

नेपाल निजामती कर्मचारी संगठन
बाह्रदशी गाउँपालिका
कमिटी परिवार

हार्दिक बधाई तथा शुभकामना

ड्रीम वर्ड इन्टरटेन्टमेन्टद्वारा आयोजित किड्स च्याम्प २०२२मा सहभागी यस विद्यालयकी कक्षा ३की छात्रा **समता खरेल** मिस इन्टेलेक्टच्युयल सब टाइटलका साथ सेकेन्ड रनर अप हुन सफल भएकोमा हार्दिक बधाइ तथा सहयोगी अभिभावकहरु, प्रशिक्षकहरु र शुभचिन्तकहरुमा हार्दिक आभार प्रकट गर्दै भविष्यको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

चिल्ड्रेन इन्भारोमेन्ट स्कुल
बिर्तामोड-१, झापा

नशा तथा हाडजोर्नी लगायत समस्याको सफल उपचार

हाडजोर्नी ,नशाको सफल उपचार साथै ग्यास्ट्रिक, कब्जियत, महिलाको सेतो पानी जाने, पिनास, माइग्रेन, आदिको अब थेरापीद्वारा उपचार बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

यहाँ इलेक्ट्रो थेरापी, म्यानुअल थेरापी, म्यानिपुलेसन थेरापी, एक्सरसाइज थेरापी, आयुर्वेद, कपिङ्ग थेरापी, लेजर थेरापी, पञ्चकर्म, अकुपञ्चर, मसाज थेरापी विधिद्वारा नशा च्यापिएको, कम्मर-गर्दन-घुँडा-जोर्नी दुख्ने, शरीर झम्झमाउने, लाटो हुने, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, युरिक एसिड, बाथ, प्यारालाइसिस (शरीरको वा दुवै भाग नचल्ने), मुख बाङ्गिएको, कुम जाम भएको, सर्जरी पश्चात् चाहिने रिह्याब, स्पोर्ट्स इन्जुरी साथै पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, दम, खोकी, थाइराइड, जन्डिस, प्रोस्टेट, पिसाब पोल्ने, मृगौलाको पत्थरी, छाला सम्बन्धी समस्या, माइग्रेन, अनिन्द्रा, तनाव, महिला पुरुषका यौन समस्या, निमोनिया आदिको आयुर्वेदिक औषधिबाट सर्वसुलभ तरिकाले उपचार गरिन्छ ।

बिशेष उपचार पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा व्यवस्थित तरिकाले अनुभवी दुई जना डा.बाट दैनिक अपरेशन समेत गरिन्छ ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
अष्टाङ्ग आयुर्वेद फार्मेसी
अन्धुवा खोला पुल पश्चिम, ठूलो सिसा भएको घर, हाइवे दक्षिण, बिर्तामोड झापा-राजगढ
स्टेण्डबाट ५० मिटर दक्षिण (फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६)

नोटः अफिस, सटीङ्ग, सुटीङ्ग, टेलरिङ्ग आदिको लागि उपयुक्त फ्ल्याट भाडामा छ । **फोन नं. ९८०६०३४४२६**

झापा २ र ४मा कांग्रेसको क्षेत्रीय अन्तरक्रिया

बिर्तामोड, चैत १। नेपाली काङ्ग्रेस केन्द्रीय समितिको निर्देशन एवम् झापा जिल्ला समितिको निर्णयानुसार झापामा 'गाउँ- गाउँ जाऔं-कांग्रेस जिताऔं' अभियान तीव्र पारिएको छ ।

अभियान अन्तर्गत मंगलबार झापाको क्षेत्र नम्बर-२ र ४मा क्षेत्रस्तरीय अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २ले जिल्ला पार्टी कार्यालयमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै केन्द्रीय प्रतिनिधि एवम् केन्द्रीय सदस्य उमेशजङ रायमाझीले आचार, बिचार र सिद्धान्तबाट च्यूत भएर बिश्वमा सकिँदै गरेको कम्युनिष्ट शक्तिसँग अब निर्णायक लडाइँ लड्नुपर्ने बेला आएको बताए ।

जनताको भविष्य हेरेर कांग्रेसले एमसीसी पारित गरेको जानकारी दिँदै नेता रायमाझीले यसबारेको भ्रम र यथार्थ जनतालाई बुझाउन जरुरी रहेको धारणा राखे । नेपाली जनताको समृद्धि कांग्रेसको मूल नारा भएको बताउँदै उनले सडक, विद्युत्, लगानीमैत्री वातावरण, शिक्षा, स्वास्थ, यातायात, सञ्चार लगायतका बिकास कांग्रेस नेतृत्वको सरकारकै पालामा भएको दावी गरे ।

नेपाली कांग्रेस झापा सभापति देउकुमार थेबेले संगठनलाई चलायमान बनाउन वडा प्रतिनिधिहरु तोकिसकिएको जानकारी दिँदै जिल्ला प्रतिनिधिहरुले वडा र टोल समिति गठन एवम् बैठकहरु तीव्र पारेको जानकारी दिए ।

क्षेत्रीय सभापति खगेन्द्र मैनालीले अन्तरक्रिया कार्यक्रमबारे जानकारीसहित एवम् स्वागत गर्दै केन्द्र एवम् जिल्लाले दिएका नीति निर्देशन, एमसीसीबारेका भ्रम र यथार्थ, स्थानीय तहमा प्रतिपक्षको भूमिका निर्वाह भयो कि भएन ? भन्नेबारे महत्वपूर्ण कार्यक्रम भएको बताए । चन्द्र चुडालले सञ्चालन गरेको कार्यक्रममा सहजीकरण लक्ष्मी खनाल कोइराला, रुपक दाहाल, रमेश दाहाल र भरत प्रसाईले गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाई, संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, जिल्ला उपसभापति शेरबहादुर भट्टराई, सचिव कृष्ण हुमागाँई, प्रदेश नं. १का सदस्यहरु रञ्जिता कार्की, मिरा खड्का, राजकुमार बराइली लगायतको आतिथ्य रहेको थियो ।

यसैबीच झापा क्षेत्र नं. ४को कनकाईको सुरुङ्गामा पनि अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । क्षेत्रीय सभापति जयनारायण साहको सभापतित्व र केन्द्रीय सदस्य उमेशजंग रायमाझीको प्रमुख आतिथ्य एवम् झापा सभापति देउकुमार थेबेको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा विषय प्रवेश झापा क्षेत्र नं. ४ ख का प्रदेश क्षेत्रीय सभापति ख्यामप्रसाद सिटौलाले गराएका थिए ।

नेपाली कांग्रेस १ नं. प्रदेश समितिका सदस्यहरु किरण भट्टराई, उत्तम चौलागाँई, मिरा खड्का, झापाका उपसभापति शेरबहादुर भट्टराई, सचिव कृष्ण हुमागाँई, सहसचिव कमल भण्डारी लगायत पदाधिकारीहरुको उपस्थिति रहेको कार्यक्रममा बसन्त नेपाल र लक्ष्मी शिवाकोटीले सहजीकरण गरेका थिए । दुवै कार्यक्रममा सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधि, जिल्ला सदस्य, क्षेत्र एवम् प्रदेश क्षेत्रीय समितिका पदाधिकारी, वडा सभापति, भातृ एवम् शुभेच्छुक संघ-सस्थाका सभापतिहरुको सहभागिता रहेको थियो ।

कांग्रेस केन्द्रीय समितिले एमसीसीकाबारे जनतामा रहेको भ्रम र यथार्थबारे जानकारी गराउने, स्थानीय निर्वाचन परिणामका लागि कांग्रेसको पक्षमा माहौल बनाउने, पार्टी कार्यकर्तावीचमा एकता र ऊर्जा अभिबृद्धि गर्ने, विधान बमोजिम जिम्मेवारी बाँडफाँड गरी सबै कार्यकर्तालाई जिम्मेवारी दिने, नेपाली कांग्रेसको नेतृत्वमा भएका राजनीतिक, आर्थिक उपलब्धीहरु जन-जनमा पुऱ्याउने लगायतका लक्ष्यसहित देशभर अभियान सञ्चालन गरिरहेको छ ।

जनप्रतिनिधिलाई योग तथा मनोपरामर्श शिक्षा

झापा, चैत १। झापाको बाह्रदशी गाउँपालिकामा कर्मचारी र जनप्रतिनिधिहरुका लागि तीन दिने योग तथा मनोपरामर्श शिविर शुरु भएको छ ।

बाह्रदशी गाउँपालिका आयुर्वेद स्वास्थ्य शाखाको आयोजनामा तीन दिने कार्यक्रम शुरु भएको हो । कार्यक्रमको उद्घाटन गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरेका थिए ।

यसअघि ज्येष्ठ नागरिकका लागि आयुर्वेद औषधि वितरण गर्दै आयुर्वेद औषधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत गरिएको थियो । फागुन २९ गते बाह्रदशी गाउँपालिकाभरिका ज्येष्ठ नागरिकलाई औषधि वितरण गर्दै आयुर्वेद औषधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको थियो भने चैत १ गतेबाट ३ गतेसम्मका लागि कर्मचारी र जनप्रतिनिधिका लागि योग तथा मनोपरामर्श शिविरको आयोजना गरिएको हो ।

शिविरमा सबै वडाका जनप्रतिनिधिसहित कर्मचारी सहभागी रहेको आयुर्वेद स्वास्थ्य शाखाका प्रमुख

जटाशंकर झाले जानकारी दिए ।

बाह्रदशी गाउँपालिका-५ का वडाध्यक्ष भूपेन्द्र कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा डा. विनोद घिमिरेले स्वागत गरेका थिए ।

कार्यक्रममा बाह्रदशी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत ज्ञानवहादुर पौडेल, बाह्रदशी-१ का वडाध्यक्ष शम्भुसिह राजवंशी, ४ का वडाध्यक्ष समिम मिया, नेपाल रेडक्रस सोसाइटी प्रदेश १ का कोषाध्यक्ष ओमप्रकाश गौतम, नेपाल रेडक्रस सोसाइटी बाह्रदशीका निर्वतमान सभापति दयानन्द गोश्वामी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

जिल्लामै पहिलोपटक झापा सुपर लिग क्रिकेट

झापा, चैत १। अक्सनमार्फत खेलाडी छनोट गरी झापा जिल्लामै पहिलोपटक झापा सुपर लिग (जेएसएल) क्रिकेट प्रतियोगिता हुन लागेको छ ।

लर्डबुद्ध क्रिकेट एकेडेमी मेचीनगरको आयोजनामा नयाँ वर्ष २०७९को सन्दर्भमा बैशाख १ गतेदेखि ७ गतेसम्म जेएसएल क्रिकेट प्रतियोगिता हुन लागेको हो ।

एकेडेमीले मंगलवार काँकरभिट्टामा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको बारेमा जानकारी गराएको हो । काँकरभिट्टा खेल मैदानमा आयोजना गरिने उक्त प्रतियोगिता सञ्चालनका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने लर्ड बुद्ध क्रिकेट एकेडेमीका अध्यक्ष हिमाल विकेले जानकारी दिए ।

प्रतियोगितामा खेलाडी छनोट अक्सन मार्फत हुने र अक्सनको अनलाइन फारम मंगलवार बेलुका ५ बजेपछि खुलाइने कार्यक्रममा जानकारी दिइयो । क्रिकेटलाई व्यवसायिक रुपमा विकास गर्ने उद्देश्यले यस्तो खालको प्रतियोगिता जिल्लामै पहिलोपटक गर्न लागेको अध्यक्ष विकेले बताए ।

प्रतियोगितामा पाँच टिम सहभागी हुने छन् । हालसम्म चार वटा टिमको टुङ्गो लागिसकेको छ । प्रतियोगितामा प्रवीण अग्रवालको धुलाबारी टाइगर्स, अर्पण राईको भद्रपुर राइजिङ किङ्स, सुमन प्रसाईंको विराट वारियर्स र शोभित बाँस्तोलाको बोस्टन इगल्स टिम टुङ्गो लागिसकेको उनले बताए । टुङ्गो लागिसकेको टिमका सञ्चालकलाई आयोजक समितिले पत्रकार सम्मेलनमै पोसाक वितरण वितरण गरिएको थियो ।

प्रतियोगितामा प्रत्येक टिमले अक्सनमार्फत राष्ट्रियस्तरका एक खेलाडी प्रदेश स्तरका दुई खेलाडी र जिल्लाभित्रका बाँकी खेलाडी खरिद गर्नुपर्ने हुन्छ । खेलाडी छनोटमा एउटा टिमले बढीमा ६० हजार रुपैयाँ सम्म खर्च गर्न नियम राखिएको छ ।

प्रतियोगितामा मार्की खेलाडीलाई ५ देखि ८ हजारसम्मको बोली लगाउन पाइनेछ भने (ए) लेवलको खेलाडीलाई ४ देखि ५ हजारसम्म, (बी) लेवलका खेलाडीलाई ३ हजारदेखि ४ हजार ५ सयसम्म र (सी) लेवल खेलाडीलाई २ हजारदेखि ३ हजार ५ सयसम्म बोली लगाएर खरिद गर्न पाउनेछ ।

त्यस्तै इमेर्जिङ प्लेयरलाई १ हजार ५ सय देखि २ हजार ५ सय सम्मको बोली लगाउन पाउनेछ । खेलाडीलाई अक्सनमार्फत खरिद गर्दा दुई वा सो भन्दा बढी टिमले एउटै बोली लगाएको खण्डमा टसमार्फत खेलाडी खरिद गर्ने प्रावधान राखिएको छ ।

प्रतियोगितामा विजेता टिमलाई नगद २ लाख ११ हजार र उपविजेता टिमलाई नगद १ लाख ११ हजारसहित ट्रफी प्रदान गरिने छ । प्रतियोगिताको वेस्ट बलरले १० हजार, वेस्ट प्लेयरले १५ हजार, वेस्ट फिल्डरले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचलाई नगद २ हजार ५ सय राखिएको छ ।

त्यस्तै खेलाडीले हानेको छक्का मैदान बाहिर क्याच गर्ने खेलप्रेमी वा दर्शकलाई १ हजार ५ सय रुपैयाँले पुरस्कृत गरिनेछ । प्रतियोगितामा राष्ट्रियस्तरका खेलाडी समेत आउने र प्रतियोगिता भव्य हुने आयोजक समितिको विश्वास छ ।

पत्रकार सम्मेलनमा राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी तथा हालका सहायक प्रशिक्षक मनोज कटुवाल, झापा जिल्ला क्रिकेट संघका अध्यक्ष प्रवीण थापा, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य मोहन काजी लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन पत्रकार पर्वत पोर्तेलले गरेका थिए ।

महिलालाई आत्मनिर्भर बनाइँदै

अर्जुनधारा, चैत १। स्थानीयस्तरमा रहेका महिलाहरुलाई सिप र ज्ञान प्रदान गरी उनीहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले अर्जुनधारा नगरपालिकाले महिला लक्षित चार वटा तालिम सञ्चालन गर्ने भएको छ ।

महिला तथा बालबालिका शाखाकी प्रमुख महिला विकास निरीक्षक जमुना पौडेलका अनुसार नगरपालिकाले तीन महिने ढाका बुनाई तालिम, तीन महिने एड्भान्स सिलाई कटाई तालिम, एक महिने ड्राइभिङ तालिम र एक महिने लोक सेवा तयारी कक्षा तालिम सञ्चालन गर्ने भएको हो ।

अर्जुनधारा-७स्थित सामुहिक उद्धार तथा उपकार संघको भवनमा मंगलबार नगर उपप्रमुख कमला खतिवडा आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा नगरप्रमुख हरिकुमार रानाले उक्त तालिमहरुको संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

ढाका बुनाई र एड्भान्स सिलाई कटाई तालिम काठमाडौंस्थित गोपाल गौरी दिगो विकास प्रतिष्ठानले, ड्राइभिङ तालिम बिर्तामोडस्थित श्रीभा टेक्निकल इन्स्टीच्यूट प्रालिले र लोक सेवा तयारी कक्षा तालिम दमक-५स्थित सीएससीआई एजुकेशन फाउण्डेशनले सञ्चालन गर्ने शाखाकी प्रमुख पौडेलले जानकारी दिइन् ।

कार्यक्रम अन्तर्गत प्रशिक्षकद्वय चन्द्रकला सापकोटा र प्रेमकुमारी घिमिरेले प्रशिक्षण दिने ढाका बुनाई तालिममा ३० जना, प्रशिक्षकहरु इन्दू भट्टराई, काजल मगर, पिंकी शिवा र रीता कार्कीले प्रशिक्षण दिने एड्भान्स सिलाई-कटाई तालिममा ४० जनाको सहभागिता रहने प्रतिष्ठानकी अध्यक्ष इन्दिरा गौतमले जानकारी दिइन् । त्यसैगरी प्रशिक्षकद्वय खिलनाथ बाँस्तोला र निलकृष्ण भण्डारीले प्रशिक्षण दिने ड्राइभिङ तालिममा ३६ जना र लोकसेवा तयारी कक्षा तालिममा ६० जनाको सहभागिता रहने बताइएको छ ।

नगर प्रमुख रानासँगै नगर कार्यपालिका सदस्य हरिमाया भण्डारीले मन्तव्य व्यक्त गरेको कार्यक्रममा प्रतिष्ठानकी अध्यक्ष गौतम, श्रीभा टेक्निकल इन्स्टीच्यूट प्रालिका सञ्चालक दीपक पोखरेल र सीएससीआईकी रुविना विष्टले तालिमका विषयवस्तु बारे सहभागीहरुलाई जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन शाखाकी प्रमुख पौडेलले गरेकी थिइन् ।

कनकाई श्रमिक सहकारीमा न्यौपाने



सुरुङ्गा, चैत्र १। श्रमिकहरूलाई लक्षित गरेर कनकाई नगरमा कनकाई श्रमिक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना गरिएको छ ।

घर निर्माण, बिजुली, काठ, पानी पाइप तथा धारा, पेन्टिङ लगायतका क्षेत्रमा कार्यरत मजदुरलाई साझेगाझे पर्दा सहज हुन सकोस् भनी स्थापित सहकारीको अध्यक्षमा मनकुमार न्यौपाने (केशर) लाई चयन गरिएको छ ।

सञ्चालक समितिको उपाध्यक्षमा टंक गुरागाँई, सचिवमा डम्बरबहादुर बस्नेत, सहसचिवमा मोहमद इज्राइल र कोषाध्यक्षमा चन्द्र मंग्राती रहेका छन् । सदस्यहरूमा नीलकण्ठ मिश्र, दीर्घकुमार अधिकारी, अञ्जना माझी र हरिमाया ओली रहेका छन् ।

हाल उक्त सहकारीमा ३२ जना शेयर सदस्य रहेका छन् । उक्त सहकारीमा कनकाई नगरमा कार्यरत मजदुरलाई समेट्दै ५ सय बढी शेयर सदस्य थप गर्ने योजना रहेको नेपाल स्वतन्त्र जडान तथा निर्माण मजदुर युनियान कनकाई नगर अध्यक्ष धनबहादुर बोगटीले जानकारी दिए ।

साहु सेवा समितिद्वारा पाँच जनालाई सम्मान

झापा, चैत १। साहु सेवा समिति बिर्तामोडले समाजका संस्थापक अध्यक्ष स्व. महेन्द्रभूषण साहलाई मरणोपरान्त सम्मान गरेको छ ।

उनीसँगै समाजको स्थापनामा अहम् भूमिका निर्वाह गर्ने अन्य चार जनालाई समेत बिर्तामोडमा आयोजित समारोहकाबीच सम्मान गरिएको हो ।

बिर्तामोड-४ निवासी स्व. महेन्द्र भूषणका परिवारसहित सम्मानित हुनेहरुमा समितिका संस्थापक उपाध्यक्ष ओमहरि साह, सचिव सत्यनारायण साह, कोषाध्यक्ष जनार्दन साह र सदस्य रोहित साह रहेका छन् ।

साहु सेवा समिति बिर्तामोडका अध्यक्ष ओमहरि साहको अध्यक्षता तथा गौरादह नगरपालिका प्रमुख रोहितकुमार साहको प्रमुख आतिथ्यमा भएको कार्यक्रमकाबीच उनीहरुलाई सम्मान गरिएको थियो । सो समारोहमा डा. प्रमोद साहले सम्मानित सबैलाई सम्मान-पत्र प्रदान गरेका थिए ।

समारोहमा आसन्न होलीको शुभकामना आदान प्रदान समेत गरिएको थियो । सो समारोहमा संस्थाका कोषध्यक्ष जनार्दन साहले स्वागत गरेका थिए भने प्रेमचन साह, जुगेश्वर साह, रामपुकारी देवी साह र सुशीला साहलाई समेत समितिलाई चलायमान बनाउन उल्लेख्य सहयोग पुऱ्याएको भन्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा पवन साह, बलदेव साह, राजेश साह लगायतले बोलेका थिए भने कार्यक्रमको सञ्चालन समाजका सचिव शिव साहले गरेका थिए ।

कृष्ण अष्टमीमा पुष्प र श्रद्धाको 'कृष्ण लीला'

अभिनेता पुष्प खड्का र अभिनेत्री श्रद्धा क्षेत्री स्टारर फिल्म 'कृष्ण लीला'को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ ।

निर्माण टिमले कृष्ण जन्माष्टमीको दिन पारेर आउँदो भदौ ३ गते फिल्मलाई प्रदर्शन गर्ने निधो गरेको हो । यसअघि यो फिल्म गत वर्षको चैत २७ गते प्रदर्शनमा आउने तयारीमा थियो । तर, कोरोनाका कारण सरकारले हलहरु बन्द गरेपछि फिल्म प्रदर्शन हुन सकेको थिएन ।

दीपक ओलीको निर्देशनमा तयार भएको फिल्ममा पुष्प र

श्रद्धाका अलावा बुद्धि तामाङ, रविन्द्र झा, भावना गुरुङ, नवीन रेग्मी, हिउँवाला गौतम, आयुष गुरागाँई लगायतको अभिनय छ । लभस्टोरी जनरामा निर्मित फिल्ममा शिव ढकालको छायांकन, अर्जुन जिसीको सम्पादन, अर्जुन पोखरेलको संगीत, लक्ष्मण सुवेदीको कथा, रामजी लामीछानेको कोरियोग्राफी र श्री श्रेष्ठको द्वन्द्व छ ।

रोहित कट्टेल प्रस्तुतकर्ता रहेको यस फिल्ममा रत्न श्रेष्ठ कार्यकारी निर्माता, प्रकाश राज कार्की र केवल तामाङ निर्माता, पिताम्बर आचार्य र रोजन श्रेष्ठ सह-निर्मातामा छन् । फिल्ममा पुष्पले सुस्त मनस्थिति भएको युवकको भूमिका निर्वाह गरेका छन् । गत वर्ष सार्वजनिक भएको फिल्ममा समावेश 'कुनै दिन' बोलको गीत हिट भइसकेको छ भने ट्रेलर पनि गत वर्ष नै रिलिज भएको थियो ।

ढक ...

क्याम्पसका पूर्वक्याम्पस प्रमुख कृष्णबहादुर थापाले स्वच्छ उपभोग्य वस्तु तथा सेवा उपभोग गर्न पाउनु उपभोक्ताको अधिकार भए पनि उपभोग्य वस्तुमा हुने मिसावटले उपभोक्ताको स्वास्थ्य जोखिममा पर्ने गरेको बताए ।

जिल्ला बजार अनुगमन समिति म्यादीले गत दशैँको अवसरमा गरेको बजार अनुगमनका क्रममा बजारमा प्रयोगमा रहेका ५५ प्रतिशत ढक-तराजु मापदण्डविपरीत रहेको पाइएको बताएको थियो । अनुगमनका क्रममा बेनी बजार क्षेत्रका मासु व्यवसायी, तरकारी तथा फलफूलका व्यापारीले प्रमाणीकरण नगरिएका अवैध भारतीय ढक र तराजु प्रयोग गरेको समेत भेटिएको थियो । जिल्ला प्रशासन कार्यालय म्यादीका एक अधिकारीले नापतौलमा उपभोक्तालाई ठगी गर्ने व्यवसायीलाई कारवाही गरिने बताए ।

उनले ढक, तराजुबाट उपभोक्तालाई ठगी गरिरहेको प्रशस्त प्रमाण फेला परेकाले अब थप बजार अनुगमनलाई कडाइ गरिने जानकारी दिए । मासु, फलफूल, तरकारीलगायत अन्य सामान सडकमा राखिएका पसलबाट किन्दा ठगिने गरे पनि उपभोक्तामा त्यसविरुद्ध सम्बद्ध निकायमा उजुरी गर्नुपर्छ भन्ने जानकारी नभएकाले ठगिनुपरेको अधिकारकर्मीको बुझाइ छ । कानूनी दायराभन्दा बाहिर रही व्यापारीबाट ठग्ने क्रम जारी रहे पनि त्यसलाई रोक्न सरोकारवाला निकायले कडाइ नगरे उपभोक्ता ठगिने क्रम नरोकिने उपभोक्ता अधिकार मञ्च म्यादीका अध्यक्ष ठहरबहादुर भण्डारीले बताए ।

अधिकारकर्मीका अनुसार व्यवसायीले ढक नै कम तौलको बनाएर उपभोक्ता ठगिरहेका छन् । एक किलोको ढकमा एक हजार ग्राम हुन्छ तर ९०० ग्राम मात्रै राखिएको ढकलाई एक किलो भन्दै सामान तौलने गरिएको विभिन्न अनुगमन रिपोर्टले देखाएको छ । त्यसैगरी एउटै सामानको मूल्य प्रत्येक पसलमा अलग अलग तिर्नुपर्दा उपभोक्ता अन्योलमा पर्ने गरेका छन् । आइतबार बगरफाँटको एक पसलबाट रु. ९०मा एक किलो चिनी किनेका उपभोक्ता तेजप्रसाद पौडेलले गाउँको पसलबाट रु. ९५मा किनेको बताए । उपभोक्ता अधिकारलाई नेपालको संविधानको धारा ४४मा मौलिक हकका रूपमा राखिएको छ । तरपनि व्यवहारमा भने उपभोक्ता सधैँ ठगिरहनुपरेको सरोकारवालाको बुझाइ छ ।

उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिने भनेर संविधानमा नै उल्लेख गरिएको भए पनि यसको कार्यान्वयनको अवस्था भने दयनीय देखिएको म्यादीका उपभोक्ता श्याम सापकोटाले बताउनुभयो । व्यवसायीले ढक नै कम तौलको बनाएर उपभोक्ता ठगिरहेका छन् । इलेक्ट्रोनिक्स तराजुमा सामान राखेपछि कति तौल भयो भनेर माथिपट्टि राखिएको इण्डिकेटरमा रातो अक्षरले देखाउँछ । तराजुको सामान राख्न बनाइएको समतल भागमा जति तौलको सामान राख्यो, इन्डिकेटरले त्यति नै तौल देखाउनुपर्ने हो । तर, व्यवसायीले क्यालिब्रेसन परीक्षण गराउँदै २०देखि ५० ग्रामसम्म बढी बनाउने गरेका छन् । यसो गर्दा यदि क्यालिब्रेसनमा ५० ग्राम बढी बनाइएको छ भने ४५० ग्राम बराबरको वस्तु राख्दा सो तराजुले पाँच सय ग्राम (आधा किलो) परिमाण देखाउँछ ।

त्यसैगरी ठेला वा साइकलमा फलफूल बिक्री गर्ने धेरै व्यापारीले दुईतिर पल्ला भएको काँटावाला तराजु प्रयोग गर्छन् । तराजुको दुईतिर रहेको पल्लाको तौल बराबर हुनुपर्छ । तर, व्यापारीले एउटा गह्रौं र अर्को तुलनात्मक रूपमा हलुका पल्ला प्रयोग गर्छन् । हलुका पल्लामा ढक र गह्रौं पल्लामा फलफूल राख्छन् । गह्रौं पल्लामा थोरै फलफूल राख्दा पनि धेरै हुन्छ र उपभोक्ता ठगिने अधिकारकर्मीले बताएका छन् ।

९० लाखको ...

आएको मानगरीय अपराध महाशाखाले जनाएको छ ।

पीडितको जाहेरीका आधारमा उनलाई सोमबार पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि महानगरीय प्रहरी परिसरमा बुझाएको महाशाखाका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए ।

बालिका ...

नगरपालिका-६ पुरानोठिमी बस्ने सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-२ घर भएका २८ वर्षीय प्रदीप मल्ल ठकुरीलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

ठकुरीले ती किशोरीलाई आइतबार जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

बढ्दो अपराध रोक्न सचेतना

झापामा लागूऔषधको कारोबार बढ्दै गएको प्रहरीले स्वीकार गरेको छ । शान्ति, सुरक्षा, स्वच्छ र सभ्य समाज निर्माणमा सहयोगी संस्था भनेकै प्रहरी हो । उसैले जनताको जिउ-धनको रक्षा गरी आदर्श समाज निर्माणका लागि विद्यमान विकृति-विसंगति हटाउन अहोरात्र खटिनुपर्छ । अपराधहरु न्यूनीकरण गर्दै नैतिक मूल्य-मान्यता स्थापना गर्ने प्रहरीको दायित्व र क्रियाशीलताका बावजुद हिंसा र अपराधका घटनाहरु दिनहुँ बढ्दै जान थालेको छ । जो स्वयम् मानव सभ्यताविरुद्ध छ । प्रहरीले नै खुल्ला सीमानाको फाइदा उठाउँदै लागूऔषध ओसारपसार भइरहेको स्वीकार गरेको छ । यसैका आधारमा अहिले लागूऔषध नियन्त्रण ब्यूरो खडा गरेर निगरानी बढाएको झापाका प्रहरी नायव उपरीक्षक बसन्त पाठकले बताएका छन् । प्रयोगकर्ताहरुले अनेक बहाना बनाएर लागूऔषध नेपाल भित्र्याउने गरेको भन्दै उनले ब्यूरोकै सक्रियतामा अहिले दिनहुँ प्रयोगकर्ताहरु पक्राउ पर्न थालेको जानकारी दिए ।

झापाको बिर्तामोड, काँकरभिट्टा, दमक, भद्रपुर लगायतका शहरी क्षेत्रका युवा लागूऔषधको कुलतमा फस्दै गरेको प्रहरीको तथ्यांकले देखाएको छ । पक्राउ परेकाहरुकासँग गरिएको अनुसन्धानका क्रममा त्यसपछिको कारणहरु बेरोजगारी, अभिभावकको निगरानी र नियन्त्रणमा नरहनु जस्ता देखिएको प्रहरीको भनाइ छ । आधुनिकता र भौतिक सुखका पछि दौडिने युवा समूह लागूऔषध सेवनको कुलतमा फस्दै गएकोले भोलिको परिवार, समाज र देश नै असुरक्षित हुने जोखिम पनि बढ्दै गएको छ । यसलाई रोक्न, समाजमा हुर्किएको विसंगतिलाई न्यूनीकरण र नियन्त्रण गर्न प्रहरीले समुदाय प्रहरी साझेदारी कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । त्यस अनुसार युवा पुस्ताका लागि सचेतनामूलक कार्यक्रम पनि भइरहेका छन् । तर, पनि दुर्व्यसनको क्रम न्यूनीकरण भएको छैन ।

सीमा क्षेत्रमा बढ्दो चोरी, तस्करी, भन्सार छली लगायतका अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरी बल गठन गरिएको छ । तर, त्यही संगठनभित्रैबाट लागूऔषध ओसारपसारको अपराध भएको समाचार सार्वजनिक हुनु संगठन मै आक्षेप लाग्ने घटना हो । यद्यपि संगठनभित्र सबै सफा, निष्कलंकित हुन्छन् भन्ने छैन । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले अनुसन्धानका क्रममा सशस्त्र प्रहरी बल २ नम्बर हेडक्वाटर झापामा कार्यरत प्रहरी हवल्दार खगेन्द्र भुजेलले वर्दी मै लागूऔषध कारोबार गर्ने गरेको खुलेको जनाएको छ । भुजेल कारोबारीसँगै मिलेर लागूऔषध भित्र्याउने कार्यमा संलग्न रहेको अनुसन्धानबाट खुलेपछि उनी पक्राउ परे । यसले पैसा कमाउन मान्छेले नैतिकता, कर्तव्य, जिम्मेवारी सबै बिर्सिन्छ भन्ने पुष्टि गरेको छ भने यसकै आडमा व्यभिचार, दुराचार लगायतका अपराध हुर्कदै गरेको देखाएको छ । परिवार, समाज र देशकै भविष्य अन्योल बनाउने यस्ता कुलत र कारोबारलाई बेलैमा नियन्त्रण गर्नु आजको पहिलो आवश्यकता हो । यसका लागि समाजका सबै पक्षको सहयोग र समन्वय आवश्यक पर्छ । यसतर्फ सम्बद्ध निकाय गम्भीर हुन जरुरी छ ।

निर्वाचनमा मतदाताको जागरूकता

भरत गौतम

प्रजातन्त्र भन्नाले जनताद्वारा जनताका लागि जनताको निमित्त गरिने सामुहिक राजनीतिक अभ्यास हो भनेर अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिङ्कनले भनेका थिए । प्रजातन्त्रका लागि सामुहिक प्रयत्न गर्न कुशल नेतृत्वको आवश्यकता पर्दछ । प्रजातन्त्रमा नेतृत्व गर्ने योग्य, कुशल र दुरदृष्टिसहितको सक्षम जनप्रतिनिधि भएमा मात्र जनताको अपेक्षाको सम्बोधन हुने आधार तय हुन्छ । प्रजातन्त्रलाई लोकतन्त्रको नामबाट हेर्ने गरिएको पाइन्छ । जनताको प्रतिनिधि छान्ने अवसर निश्चित समयमा प्राप्त हुने र उक्त समयमा मतदाताले सचेत भएर आफ्नो प्रतिनिधि छान्न अग्रसर भई लोकतन्त्रको अभ्यासमा सक्रियता देखाउनु पर्दछ ।

दलीय व्यवस्थामा दलहरू जनताका प्रतिनिधिका लागि दलीय जनप्रतिनिधिहरू छान्न जनतालाई विभिन्न अवसर प्रदान गरेका हुन्छन् । ती अवसरको राम्रो उपयोग गरी शासकीय व्यवस्थामा कुशल जनप्रतिनिधि पठाउन नागरिक वा मतदाताले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । आवधिक निर्वाचन नै लोकतन्त्रको असल प्रणाली हो भने जनताले लोकतन्त्रको उपयोग र अनुभूति गर्ने अवसर पनि हो । नेपालमा २०७९ साल सङ्घ, प्रदेश र स्थानीय तहको चुनाव हुने वर्ष भएकोले आम नागरिक मतदाता उक्त महान् कार्यमा सक्रिय भई आगामी पाँच वर्षका लागि राम्रो दलका राम्रा प्रतिनिधि छान्न वा जनप्रतिनिधि चुन्न सचेत भई अग्रसर हुनुपर्ने देखिन्छ । यो अवसरलाई शासकीय सुधार तथा परिवर्तनको आधारको रूपमा पनि हेर्ने गरिएको पाइन्छ । लोकतन्त्रमा मतदाताले आवधिक निर्वाचनलाई विशेष अवसरको रूपमा लिई आफूलाई क्रियाशील बनाई शासकीय सुधारमा समाहित गर्नु पर्दछ ।

निर्वाचन शिक्षा तथा सूचनाको बिस्तार, स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार भन्ने नारासहित निर्वाचन आयोगले मतदाता शिक्षालाई जोड दिएको छ । मतदाताले आफ्नो भविष्य आफैं बनाउन स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको वातावरणका लागि सक्रिय रहनुपर्ने आवश्यकता भएकोले मतदातालाई सचेत बनाउने मनसायले मतदाता शिक्षामा जोड दिइएको छ । हाम्रो जस्तो सामाजिक परिवेशमा आवधिक निर्वाचनलाई प्रभावकारी बनाउन मतदाता शिक्षाबाट योग्य, कुशल र सक्षम नेतृत्व छान्न नागरिक वा मतदातालाई जागरुक बनाउन आवश्यक छ । मतदाताले निर्वाचनको शुरुदेखि अन्त्यसम्म स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । निर्वाचनलाई कम खर्चिलो बनाउने, चुनावमा मतदाता सहभागिता बढाउने, जनप्रतिनिधिका सम्भाव्य उम्मेदवारसँग लोकतन्त्र, सुशासन र विकासका सम्बन्धमा बहस गर्ने र निर्वाचनपछिका भावी कार्यदिशामा छलफल गर्ने जस्ता काम मतदाता शिक्षाको एउटा महत्वपूर्ण काम पनि हो । सरकारले धेरै रकम खर्चेर गरेको निर्वाचनबाट लोकतन्त्र पूर्वाधार बलियो बनाउन र भोलिको प्रभावकारी शासकीय व्यवस्था ल्याउन मतदाता समयमै सचेत हुनुपर्ने हुन्छ ।

मतदाता शिक्षा विकसित देशमा भन्दा विकासशील र अल्पविकसित देशमा बढी प्रभावकारी हुन्छ । निरक्षर मानिसहरू हुने, सबैले शिक्षाको अवसर प्राप्त गर्न नसकेको अवस्था र गरिबीको अवस्था रहेको स्थितिमा निर्वाचित भई आउनेले हाम्रा लागि केही गर्दैनन् । कागलाई बेल पाको हर्ष न विस्मात् भने जस्तै हो भन्ने प्रचलन रहेको छ । यस्तो वर्गलाई दलीय व्यवस्थामा भोट बैङ्कको रूपमा प्रयोग गरिएको पाइन्छ । क्षणिक लाभमा भुलाउने, त्यस्ता क्षेत्रमा चुनावी प्रलोभन देखाउने र सबै उम्मेदवारलाई त्यस्ता क्षेत्रमा प्रवेश गर्न नदिई बलियाको रजाइ हुने जस्ता क्रियाकलापहरू चुनावी समयमा हुने गरेको देखिन्छ ।

मतदाता शिक्षाले यस्ता क्षेत्रलाई केन्द्रबिन्दु बनाई ती मतदाताको अधिकार संरक्षण गर्ने र उनीहरूको भविष्य सुनिश्चित हुने गरी स्वच्छ र निर्भिक भई मतदान गर्ने वातावरणका लागि जोड दिनु आवश्यक छ । दल तथा जनप्रतिनिधिको दायित्व र भावी कार्य दिशामा बहस गर्ने र नागरिकको अवस्थालाई शासकीय कार्यशैलीबाट सम्बोधन हुने वातावरण बनाउन जोड दिनुपर्दछ । निर्वाचनमा दलीय घोषणापत्रले समसामयिक समस्याको समाधान गर्ने र जनअपेक्षाको योजनागत कार्यान्वयन गर्ने विषयमा प्रतिबद्धताका लागि जनदबाब दिनु आवश्यक हुन्छ ।

मतदाता शिक्षाको पहिलो काम मतदाताको नाममा संलग्न हुनु र गराउनु हो । मतदाता भएपछि उसले राज्यको भूमिकामा प्रत्यक्ष वा अप्रत्यक्ष आफ्नो सहभागिता जनाउने अवसर प्राप्त हुने र लोकतान्त्रिक प्रक्रियामा आफूलाई समाहित गर्न पाउँछ । दोम्रो निर्वाचन प्रक्रियामा भड्किलो हुन नदिन तथा स्वच्छ, निष्पक्ष र निर्भीकरूपमा मतदान गर्न पाउने अवसरका लागि वातावरण बनाउने क्रियाकलापमा सहयोगी भूमिका निर्वाह गर्न मतदाता शिक्षाले महत पुऱ्याउँछ ।

तेस्रो दलीय प्रतिनिधि वा जनप्रतिनिधिका उम्मेदवारले निर्वाचनपछि गर्ने भावी नीति तथा कार्यक्रमका विषयमा व्यापक छलफल गर्न सहभागी हुने र जनप्रतिनिधि भएपछि कार्यान्वयन तहमा सक्रिय बनाउने अवस्था सिर्जना गर्नु पर्दछ । चौथो निर्वाचनको दिन इच्छाइएको उम्मेदवारलाई निर्भीकताका साथ मतदान गर्ने र मतदान गर्ने विषयमा पूर्ण जानकार भई मतदाता सबैले मतदान गर्न अग्रसर हुनु पर्दछ । अन्त्यमा कसैको प्रलोभनमा नपरी निर्वाचन आचारसंहिताको पालना गर्ने र आफूले मन परेको दलको उम्मेदवार वा अर्को प्रतिनिधिलाई निष्पक्ष मतदान गर्न सरिक हुने वातावरण बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न मतदाता शिक्षामा जोड दिन आवश्यक छ ।

मतदाताले मतदान गर्ने चुनावको तह अनुसार आफूलाई जागरुक गराउनु पर्दछ । सङ्घीय तहको चुनावबाट सङ्घीय सरकार बन्ने हुँदा देशको भावी सरकारका लागि सचेत भई मतदानमा सहभागी भएर जनअपेक्षित सरकार बनाउन अग्रसर हुनुपर्ने हुन्छ । प्रदेश तहको चुनावमा प्रदेश तहको शासन व्यवस्था सुदृढ बनाउन मतदाताले सचेत भई मतदान गर्न अग्रसर हुनुपर्ने हुन्छ ।

अर्कोतिर, स्थानीय तहको सरकार घर दैलोको सरकार भएकोले स्थानीय तहको निर्वाचनमा मतदाताले विशेष ध्यान दिनुपर्ने देखिन्छ । समग्रमा चुनावमा सचेत नभएपछि पछुताउनु पर्ने अवस्था हुने हँदा मतदाताले भोलिको भविष्यका लागि बेलैमा सचेत हुनु आवश्यक छ । मतदाता शिक्षाले साक्षर नागरिकभन्दा साक्षर हुन नसकेका गरिब विपन्न र शिक्षाको अवसर नपाएकालाई विशेष जोड दिनुपर्ने हुन्छ । मतदाता शिक्षा निर्वाचन आयोगको मात्र काम नभई अन्य सरकारी गैरसरकारी निकाय र सञ्चार माध्यम एंव नागरिक समाजको समेतको जिम्मेवारी र दायित्व पनि हो । स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्न आम मतदातालाई निर्भीकताका साथ मतदान गराई शासकीय व्यवस्था जनकेन्द्रित र प्रभावकारी बनाउन सबै पक्षले सचेत भई निर्वाचनमा सक्रियता देखाउनु पर्दछ ।

निर्वाचन लोकतान्त्रिक व्यवस्थाको महत्वपूर्ण पक्ष हो । नागरिकले निर्वाचनलाई विशेष महत्व दिइएन भने भोलिको शासकीय व्यवस्था नागरिकमैत्री हुने अवस्था रहँदैन । शासकीय कार्यशैली एकातिर जनताको अपेक्षा अर्कोतिर भई द्वन्द्वको अवस्था सिर्जना हुन सक्छ । निष्पक्ष चुनाव नभएका कारण नागरिकका हक अधिकारहरू कुण्ठित हुन सक्छन् । अप्रत्यक्ष सहभागिता हुने लोकतान्त्रिक पद्धतिमा जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने हुँदा निर्वाचनपछि जनता र जनप्रतिनिधि बीचमा राम्रो सम्बन्धबाट सुशासन, विकास र स्थायित्व हुनु पर्दछ ।

तर, स्वच्छ निर्वाचन नभए उक्त परिणाम प्राप्त गर्न कठिन हुन्छ र चुनाव उत्सव मात्र हुने र जनताले प्रभावकारी शासन व्यवस्थाको अनुभूति गर्न अवसर पाउँदैनन् । यी यावत् समस्या समाधान गर्ने उपाय नै लोकतान्त्रिक व्यवस्थामा आवधिक निर्वाचनको निष्पक्ष र स्वच्छ हुनु आवश्यक छ । निर्वाचनलाई प्रभावकारी बनाउन विपन्न, निरक्षर र गरीब समुदायमा विशेष महत्व दिई मतदाता शिक्षाका कार्यक्रमहरू अघि बढाउनु पर्दछ । मतदाता शिक्षा प्रभावकारी भएमा मतदानमा मतदाताको सहभागिता बढ्ने योग्य र सक्षम जनप्रतिनिधिको चयन हुने र भोलिको शासकीय व्यवस्था जनअपेक्षित भई प्रभावकारिता बढ्ने सुनिश्चित हुन्छ । जनताले जनताका लागि शासन गर्ने पद्धतिको विकास हुन्छ र लोकतन्त्र सुदृढ हुन्छ । *गोप*

नेताको चरित्र : कहाँ चुके हाम्रा नेता ?

प्रदिप धमला

नेतृत्वको विषयलाई चर्चा गर्दा नेता र नेतृत्वमा के फरक छ नेतृत्व भनेको के हो नेतृत्व केका लागि भन्ने जस्ता प्रश्न आउँछन् । झट्ट सुन्दा हामी नेतृत्व भनेको राजनीतिक नेतालाई बुझ्छौं । हाम्रो चिन्तन र सोचाई राजनीतिक नेतृत्व कै वरिपरि घुमिरहेको पाउँछौं । राजनीतिक नेताहरुले नीति बनाउने भएकाले उनीहरुको ठूलो महत्व छ । नीतिले बहुसंख्यक जनतालाई प्रभाव पार्दछ । तर, त्यसो भए राजनीतिक नेतृत्व मात्रै नेतृत्व हो त ? पक्कै होइन । यो सापेक्ष विषय हो । कुनै घरमा बाबुले कुनै घरमा आमाले कसैको घरको ज्येष्ठ सदस्य वा कुनै घरमा सामुहिक निर्णय लिने चलन पनि हुन्छ ।

नेताको विम्वका रुपमा वीपी कोइराला, पुष्पलाल, मदन भण्डारी, गिरीजाप्रसाद कोइराला, केपी शर्मा ओली, पुष्पकमल दाहाल, बाबुराम भट्टराई आदिको नाम अगाडि आउँछ । तर, कुनै पनि नामले हामीलाई रोमाञ्चित बनाउँन सक्दैन । कुनै समयमा बनायो होला । तर, सधैं बनाइरहन सक्दो रहेन छ । सबल र सक्षम भनिएको नेतृत्व पनि हेर्दाहेर्दै धरासयी हुँदै रहेछ । यसबाट नेतृत्व भन्ने कुरा पनि सधैं रहिरहने होइन भन्ने थाह पाउन सकिन्छ ।

एडमण्ड हिलारीले एउटा अन्तरवार्तामा शिखरको सबैभन्दा माथिल्लो उचाइमा पुग्नुको अर्को स्टेप भनेकै तल झर्नु हो भनेका थिए । नेतृत्वको विषयमा चर्चा गर्दा पनि यो कुरा लागू हुन्छ । त्यसैले नेतृत्व भनेको के हो भन्ने विषयमा आफैंमा त्यति सरल छैन । विश्व विद्यालयहरुमा पनि नेतृत्वको विषयमा पढाइन्छ । तर, नेतृत्व र नेताका बारेमा बुझ्न निकै कठिन भइरहेको छ । एरिस्टोटल भन्छन्- हामी सामाजिक प्राणी हौं । सामाजिक हुनुको अर्थ समाजमा बस्दछौं । समाजमा बसिसकेपछि त्यहाँ सामाजिक मुद्दा विषयहरु हुन्छन् । त्यस विषयमा निर्णय कसले लिन्छ ? त्यो निर्णय लिने व्यक्ति वा संस्था नै नेतृत्व हो ।

हामी नेतृत्व असफल भयो असफल भयो भनेर भनिरहेका छौं । असफल भयोभन्दा हामीले नेतृत्वलाई केही कामना गरिहेका हुन्छौं । समाज र नेतृत्वबीच बडो महत्वपूर्ण सम्बन्ध हुन्छ । समाज कस्तो छ त्यस्तै किसिमको नेतृत्व हामीले पाउने हो । विश्वमा नाम चलेका जस्तो नेता यहाँ खोई भनेर मात्रै हुँदैन । भाषण गर्ने बेलामा नेपालमा यत्रो सम्भावना छ । तर, नेतृत्वले देखिरहेको छैन भन्छौं । नेपालमा यति समस्या छन् । तर, नेतृत्वले सुल्झाउन सकेको छैन भनिन्छ । यस्तो भन्ने मानिसले के कल्पना गरिरहेको हुन्छ भने एउटा यस्तो बलवान शक्तिशाली आओस् र तपाईको समस्या समधान गरिदियोस् । कता-कता नेतृत्वलाई हामीले दैवीगुणबाट सम्पन्न व्यक्तिका रुपमा अरुले गर्न नसक्ने काम गर्न सक्ने विलक्षण बुद्धि र बल भएको चमत्कारिक व्यक्तिको गरिरहेका हुन्छौं । त्यसैले होला नेतृत्वको महत्वपूर्ण पक्षमा कुनै न कुनै कुरा गर्ने गराउने आधिकारिकता हुन्छ ।

राजनीतिमा जाने मान्छेले म व्यक्तिगत लाभ लिने छैन भन्न नसक्दा नै जनताले जुन जोगी आए पनि कानै चिरेका भन्ने अवस्था आएको हो । चार वर्ष पाँच वर्षमा

निर्वाचन हुनुको अर्थ एउटा व्यक्ति निश्चित अवधिका लागि मात्रै पदमा जानुपर्छ भनेको हो । तर, हामी कहाँ २०औं वर्षसम्म पनि त्यही व्यक्तिले पद ओगटिरहेको हुन्छ ।

त्यसैकारण हाम्रो सार्वजनिक नीति फितलो भएको हो । जस्तो यातायात क्षेत्रको सिण्डिकेटको अन्य सार्वजनिक हितमा छ । तर, नेतृत्वले व्यक्तिगत लाभ हेर्दा घोषणा भइसकेको सिण्डिकेट पनि अन्य हुन सकेन । समाजवाद उन्मुख नीति लिएको भए तापनि शिक्षा क्षेत्रमा लागू हुन सक्दैन रे । किनकि त्यहाँ पनि व्यक्तिगत हितकै कुरा छ । राजनीति गर्नेहरु लगानीकर्ता भएका छन् । राजनीतिमा पनि उनीहरुकै सन्तान नयाँ लगानीकर्ताको रुपमा आएका छन् । पैसा भएपछि राजनीतिमा स्थापित हुन गाह्रो छैन । पार्टी कब्जाको मनस्थितिबाट राजनीति अगाडि बढेकाले पुस्तान्तरणको कुरा मैले यहाँ देखेको छैन । गएको २० वर्षमा राजनीतिमा प्रयोग भएका शब्दहरु लोकतान्त्रिक छैनन् । कब्जा, घेराबन्दीका कुरा आएका छन् । लोकतन्त्रमा पनि कब्जा भन्ने हुन्छ र ?

समाजलाई राजनीतिले डोऱ्याउनुपर्ने हो । तर, समाज आफ्नो किसिमले र राजनीति आफ्नो किसिमले हिँडिरहेको छ । बसाई-सराईको यत्रो समस्या छ । त्यसैले समाजमा परिरहेको असरबारे नेतृत्व मौन छ । वैदेशिक रोजगारीमा जानेले पठाएको आईफोन ट्याव बोक्ने, तर उनीहरुको परिवारमा आएको विचलनको विषयमा नबोल्नु विडम्बना होइन र ? राजनीतिक पार्टीहरु पनि त्यही वैदेशिक रोजगारीमा जानेहरुको कमाईबाट चलेका छन् । परिवार टुटेको छ, केटाकेटीहरु ड्रग्समा फसेका छन्, विद्यालयमा राम्रोसँग पढ्न पाएका छैनन् । यसका बारेमा बोलेको खै ? समाज त्यहाँ छ, नेतृत्व चुनाव मात्रै जित्ने ध्याउन्नमा छ ।

समाजमा सकरात्मक परिवर्तन पनि नभएको होइन । तर, नेतृत्वले त्यसतर्फ ध्यान नदिँदा त्यो परिवर्तनले विकृत रुपधारण गरेको छ । व्यक्तिगत केहीलाई नोकरी लगाउने कुरा गर्छन् । तर, सामुहिक रुपमा युवालाई नोकरी दिने कुरा गर्दैनन् । गाउँको एक-दुई जनालाई नोकरी दिने काम नेतृत्वको होइन । उसले सबैलाई नोकरी दिने नीतिमा बनाउनु पर्दछ । देशभरि कै वेरोजगारीको विषयमा बोल्नु पऱ्यो । घोषणा पत्रमा त सबैलाई रोजगारीको व्यवस्था हुन्छ । भनेर लेखिएको छ तर, रोजगारीको नीतिमा छलफल पनि भएको पाइँदैन । गल्फका युवाहरु कुनै कारणले फर्कनुपर्ने अवस्था आयो भने ठूलो समस्या आउन सक्छ । केही सिप त लिएर आउलान् त्यो भन्दा वढी त नैराश्यता नै ल्याउँछन् । यो विषयलाई सबैले बेवास्था गरेका छन् ।

राजनीति मात्रै होइन सामाजिक नेतृत्वको पनि यता ध्यान गएको छैन । समाज आहत भयो कुण्ठग्रस्त भयो पीडामा पऱ्यो त भने यो नेतृत्व सप्रेर बस्छ र ? यी मुद्दाहरुलाई सामाजिक आन्दोलनले राजनीतिसँग जोड्नुपर्दछ । त्यस्तो कुरा उठाउँदा राजनीति गऱ्यो भनिन्छ । कुनै दलमा नलागेर सामुहिक काम गरिसकेपछि त गैसस भई हाल्यो नि । राज्यको आफ्नो चुनौति हुन्छ । राज्य जति माथि जान्छ त्यति अन्धो हुँदै जान्छ । अहिलेको सरकार भ्रष्ट किन भन्नुपर्छ भने उसँग निरपेक्ष पावर छ । सरकारको मात्रै कुरा होइन सामाजिक समूहहरुको नेतृत्वमा पनि रुखोपन आएको छ । हामी त निर्वाचित भएर आएका हौं । त्यसैले हाम्रो कुरा सुन भन्छन् ।

विगत लामो समयदेखिको नेपालको राजनीति हेर्दा आशलाग्दो हुन सकेको छैन भने विश्वास गर्न लायक पनि बन्न सकेको छैन । राजनीति गर्ने मुहार फेरिए तापनि व्यवहार फेरिन सकेको छैन । राजनीतिमा मुहारको खासै अर्थ हुँदैन त्यहाँ त जनताको लागि काम गर्नुका साथै देशको हितमा काम गर्नु पर्दछ । हाम्रा छिमेकी देश लगायत अन्य देशका नेताले देश र जनताको सेवामा लागेको कारण आज ती देश सम्पन्न भएका छन् भने हाम्रा देशका नेताले आफ्नो र आफ्ना नजिकका मानिसको लागि मात्रै गर्ने परिपाटीले सिमित व्यक्तिको मात्रै विकास भयो । देशको विकास गर्ने त भाषण मै सिमित हुन्छ । नेता सुधारिने पक्षमा छैनन् अब जनता आफैं सचेत हुनुपर्छ ।

इलामको रोङ गाउँपालिका–६ सलकपुरमा बाँसबाट चोया काढ्दै स्थानीय वृद्ध । पछिल्लोपटक प्लाष्टिकको डोरी र तारको बढ्दो प्रयोगले बाँसको चोयालाई विस्थापित गरेको छ । *तस्वीर : अमित खम्बू/पूर्वाञ्चल*

‘त्रिदेवले क्यूएए प्रमाणपत्र पाउनु गौरवको कुरा’

□ सावित्रा दहाल

चारआली, चैत १। त्रिदेव बहुमुखी क्याम्पसले गुणस्तर सुनिश्चितता प्रत्ययनको प्रमाणपत्र पाएको छ ।

मेचीनगर-१३ मा रहेको उक्त क्याम्पसले गुणस्तरीय सुनिश्चितताको प्रमाणपत्र पाएको हो । प्रमाणपत्र प्राप्त गरेको खुशियालीमा चारआलीदेखि काँकरभिट्टा र काँकरभिट्टाबाट बिर्तामोड हुँदै पुनःक्याम्पससम्म मोटरसाइकल ज्याली गरी क्याम्पस प्राङ्गणमा आएर कोणसभाको आयोजना गरेको थियो ।

सो अवसरमा मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले आफ्नो कार्यकालमा मेचीनगरको गहनाको रुपमा रहेको त्रिदेव बहुमुखी क्याम्पसले गुणस्तर सुनिश्चितता प्रत्ययनको प्रमाण-पत्र प्राप्त गर्नु सारा मेचीनगरबासीको गौरवको विषय भएको बताए ।

कार्यक्रममा सल्लाहकार समितिका सहसंयोजक दुर्गाप्रसाद भट्टराईले क्यूएए प्रमाणपत्र भनेको कस्तुतीको सुगन्ध जस्तै भएकोले यसको सुवास लिन मेचीनगरबासी र आसपासका छिमेकी पालिकाहरुले र सरोकावालाहरुले बुझ्नु जरुरी रहेको बताए ।

कार्यक्रममा क्याम्पस सञ्चालक समिति पूर्व अध्यक्ष सन्तोष नेउपाने, संस्थापक सञ्चालक समिति उपाध्यक्ष सरद शिवाकोटी, क्याम्पसलाई एक विगाह जग्गा प्रदान गर्नुहुने दातापूर्व जरसाव दिलीप कार्की, मेचीनगर नगरपालिका वडा नं. १४ का वडाध्यक्ष शंकर पोखरेल, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक क्याम्पस प्रमुख शेरबहादुर बानियाँ, पार्टीहरुको तर्फबाट नेकपा एमाले मेचीनगर नगरपालिका वडा नं. १३ का अध्यक्ष भोजराज पराजुली लगायतले क्याम्पसले छोटो समयमा गरेको प्रगतिको प्रशंसा गरेका थिए ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष हरिप्रसाद घिमिरेको अध्यक्षता र प्राध्यापक संघका सभापति प्रकाश बाँस्तोलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन क्याम्पस प्रमुख माधव प्याकुरेल र सहायक क्याम्पस प्रमुख तेजप्रसाद खनालले गरेका थिए ।

क्याम्पसको स्थापना, विकास र सञ्चालनमा स्थापनाकालदेखि नै महत्वपूर्ण योगदान पुऱ्याउनुहुने यस क्षेत्रका अग्रज बुद्धिजीवी, शिक्षासेवी, दाता महानुभावहरु, पूर्व तथा वर्तमान सञ्चालक समिति, सल्लाहकार समिति, विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, प्राध्यापक, कर्मचारी विभिन्न विद्यार्थी संघ-संगठनका प्रतिनिधि र विद्यार्थीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

वि.सं. २०६४ सालमा स्थापना भएको यस क्याम्पसले गुणस्तर सुनिश्चितता प्रत्ययन (क्यूएए) प्रमाणपत्र प्राप्तिको लागि २०७२ साल श्रावणमा इच्छा पत्र पेस गरेको थियो । उक्त इच्छा पत्रलाई स्वीकृति प्रदान गर्दै विश्वविद्यालय अनुदान आयोगले विभिन्न समयमा विभिन्न विषयका विज्ञहरु पठाएर स्थलगत अध्ययन, अवलोकन गरी दिएको सल्लाह र सुझावलाई क्याम्पसले कार्यान्वयन गर्दै अघि बढेको थियो ।

आयोगको सल्लाह र सुझावलाई निरन्तर कार्यान्वयन, परिमार्जन र परिस्कारपश्चात ६ वर्षको अन्तरालमा २०७७ साल चैत १८ गते क्यूएए साइकल पूरा भएको पत्र प्राप्त भएपश्चात पुनः केही महत्वपूर्ण विषयमा सुधार र परिमार्जन गर्नुपर्ने भन्दै आयोगको सुझाव अनुसार २०७८ आश्विनमा पुनः समकक्षी अध्ययन टोलीबाट पुनः अनुगमन भएको थियो । त्यसपश्चात २०७८ फागुन २३ गते देशभरका चारवटा क्याम्पसलाई एकै मितिमा गुणस्तर सुनिश्चितता प्रत्यायनको प्रमाण-पत्र वितरण गरेको थियो ।

देशभर रहेका एक हजार चार सयभन्दा बढी क्याम्पसहरु मध्ये हालसम्म विश्वविद्यालय अनुदान आयोगले ५७ वटा क्याम्पसहरुलाई गुणस्तर सुनिश्चितताको प्रमाणपत्र वितरण गरिसकेको छ ।

सिद्धसिंहको मूर्ति स्थापना

अर्जुनधारा, चैत १। अर्जुनधारा-७ स्थित डाङ्ग्रे बाबा-सेतीदेवी-पाथीभरा माता धाममा सिद्धसिंहको दुईवटा मूर्ति स्थापना गरिएको छ ।

धाम उत्पत्तिकर्ता विकास राईद्वारा विधिपूर्वक पूजाअर्चना गरी स्थापना गरिएको उक्त मूर्तिको संयुक्तरुपमा नगर कार्यपालिका सदस्य बलदेवसिंह गोम्देन र धाम संरक्षण समितिका अध्यक्ष इन्द्रबहादुर मगर ‘काली’ले उद्घाटन गरेका थिए ।

कमल गाँउपालिका-५ स्थित गोलसिमल मूर्तिशालामा ढुंगाबाट निर्माण गरिएको दुबै मूर्तिको तौल अनुमानित तीन क्विनटल रहेको छ । दाताहरुको सहयोगमा निर्माण गरिएको उक्त मूर्तिको जम्मा लागत दुई लाख रुपैयाँ रहेको समितिका अध्यक्ष मगरले जानकारी दिए ।

मूर्ति निर्माण गर्न अर्जुनधारा-८ निवासी फौदी शाहबाट ५० हजार रुपैयाँ, अर्जुनधारा-४ स्थित ब्राइट ब्रिग्निङ एकाडेमीकी सञ्चालक जीना ओलीबाट ११ हजार रुपैयाँ, समितिका अध्यक्ष मगर र सदस्य निरु बाँस्तोलाबाट १०-१० हजार रुपैयाँ, मेचीनगरस्थित काँकरभिट्टा निवासी राज गिरीबाट १० हजार रुपैयाँ, धाम उत्पत्तीकर्ता राईबाट चार हजार पाँच सय रुपैयाँ र अर्जुनधारा-७ निवासी रञ्जु राईबाट चार हजार पाँच सय रुपैयाँ रकम प्राप्त भएको थियो ।

जम्मा लागत दुई लाख रुपैयाँमध्ये बाँकी एक लाख रुपैयाँ गोलसिमल मूर्तिशालाका सञ्चालक भक्त राईबाट समितिलाई छुट भएको बताइएको छ । दाताहरुलाई सोही कार्यक्रममा धामको तस्वीर प्रदान गरी सम्मानित गरिएको थियो । मूर्ति स्थापना अघि मूर्तिशालादेखि धामस्थलसम्म धाम संरक्षण समितिको आयोजनामा नौमति बाजा, पञ्चकन्यासहितको ज्याली सञ्चालन गरिएको थियो ।

तीन महिने सिलाई कटाई तालिम

पथरीशनिश्चरे, चैत १। पथरीशनिश्चरे- ५ का विपन्न महिलाका लागि तीन महिने सिलाई कटाई तालिम शुरु भएको छ ।

नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोलाले कोठेबारी महिला समूह मार्फत आयोजित तालिमको उद्घाटन गरेकी हुन् । उनले गाउँबस्तीका महिलाहरु पनि आफ्नै सक्षम भई आयआर्जन गरी स्वनिर्भर बन्नु आजको आवश्यकता भएको उल्लेख गरिन् ।

नगरपालिका कार्यालय मार्फत महिला लक्षित कार्यक्रमको एक लाख रुपैयाँ बजेटमा कार्यक्रम शुरु भएको हो । कार्यक्रमको अध्यक्षता समूहकी अध्यक्ष राधिका खनालले गरेकी थिइन् ।

बसको ठक्करबाट मृत्यु

बिर्तामोड, चैत १। झापामा बसको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ ।

कमल गाउँपालिका-५ सितापुरीस्थित पूर्वबाट पश्चिम जाँदै गरेको लु १ ख ८८३६ नम्बरको बसले राजमार्गमा ठक्कर दिँदा इलाम सूर्योदय नगरपालिका-१ सिर्जना टोल बस्ने ३९ वर्षीय कमल राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक बसन्त पाठकले जानकारी दिए ।

बसको ठक्करबाट घाइते राईलाई लाइफलाइन अस्पताल दमक लगिएको थियो । तर, अस्पताल नपुग्दै उनको बाटोमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक पाठकले बताए ।

सटर भाडामा

बिर्तामोडस्थित बिजुली अफिस पूर्व पुरानो भद्रपुर रोडमा रहेका ११ वटा सटर भाडामा छ । व्यापारिक प्रयोजन वा गोदामको लागि उपयुक्त छ ।
सम्पर्क : ९८६३७२०३६९,
९८२४९६०२७०, ९८४२६५३०९९

हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।

सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

बिमालेख हरायो

दमकबाट सुरुङ्गा जाने क्रममा यही मिति २०७८/११/२७ गते मेरो निम्न व्यहोराको एशीयन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- गणेश घिमिरे
ठेगाना:- दमक-५, झापा
बिमालेख नं.:- ५९१७००२१६७४
कम्पनी नाम: एशीयल लाइफ इन्स्योरेन्स क.लि.
सम्पर्क: ९८५२६७६३६४

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले ‘नो झञ्झट’
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी
रु.२०००।– मा सफाई गरिने छ ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४,
९८४२६७७८५५, ९८६२६४८२८२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

कुवेत एयरपोर्टमा रोजगारको सुवर्ण अवसर

ONE FACILITIES MANAGEMENT COMPANY WLL
पुर्व स्विकृति मिति: २०७८।०७।१७ चलानी नं. ६०१६६८२१ LT No. 249707 पुनःविज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		कामदारको न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
		पुरुष	महिला		KD	N. Rs.							
1	General Light Labors/Cleaners	50	10	कामसा दक्ष	85	34425	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ वर्ष
2	Security Guards/ Security Officers	49	10		125	50250							

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	नि:शुल्क	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैले	रु.१५०० कामदार आफैले

अन्तरवार्ता: झापा, बिर्तामोड, सेन्टर पोइन्ट पार्टी प्यालेस, बिर्तामोड-१ मा: २०७८ चैत्र ८ गते हुनेछ।

नोट: एयरपोर्टमा काम गर्नुपर्ने भएकाले अंग्रेजी राम्रो हुनुपर्ने, उचाई ५ फिट ६ इञ्च हुनुपर्ने, काम गरेकोलाई प्राथमिकता दिइने

१) सेक्यूरिटी गार्डलाई १२ घण्टा २६ दिन, 180 KD,
२) Scanner लाई १२ घण्टा २६ दिन 200 KD
३) X-ray Man १२ घण्टा २६ दिन 200 KD

कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
Dream Solution Lic. No.: 593/062/63
कञ्चन हाउस, एयरपोर्ट गेट (होटेल हेमा सँगैको रातो घर), काठमाडौं, फोन: ४४६४७०८
Jhapa Contact: 023-590136, 590440 9852674349, 9807902265, 9816961140, 9801046467

उपकार बाण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार बाण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

THAKUR POLYCLINIC

यहि चैत ५ गते, शनिबारका दिन बिहान ८:३० देखि ११:०० बजे सम्म

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा

अब बिर्तामोडमा
डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको धुकधुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको चालमा गडबड
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय त्यति अनुकुल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
व्यापार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ । समग्रमा आजको दिन शुभ छ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्य र भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
व्यापार-व्यवसायमा लाभको योग रहेको छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
सुख र धनको प्राप्ति हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्ने छ, मन हर्षित रहला ।